नेपाल सरकार
गृह मन्त्रालय
**नेपालप्रहरीप्रधान कार्यालय**
**केन्द्रीय अनुसन्धान ब्यूरो**
(प्रशासन शाखा)

फोन: ०१-४५११७७६
मोबाईल नं.: ९८५१२८३१४०

पो.ब.नं.: ४०७
लाजिम्पाट, काठमाडौं ।

पत्र संख्या: २०८२/०८३)
प्रा.प.सं. :

# प्रेस विज्ञप्ती - २५

## "बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको थप कसूरमा प्रभु बैंक लि. का रेमिटेन्स डिपार्टमेण्ट प्रमुख सुगेन भन्ने सुजिन शाक्य पक्राउ"

यस ब्यूरोबाट अनुसन्धान भईरहेको नियम विपरित सुपर एजेन्ट बनाई रेमिटन्स कारोबार गर्न प्रभु म्यानेजमेन्ट प्रा.लि. लाई एड्भान्स रकम दिई उक्त प्रभु म्यानेजमेन्ट प्रा.लि. संग रेमिट कारोबार स्थगित भए पश्चात समेत नेपाल राष्ट्र बैंकको निर्देशन तथा कानुन विपरित लामो समयसम्म स्वार्थ समुहलाई उक्त रकम प्रयोग गर्न दिई प्रभु बैंक लि. लाई रु८,९३,१९,९८६।३० (आठ करोड त्रियानब्बे लाख उन्नाइस हजार नौ सय छयासी रुपैया तीस पैसा) हानी नोक्सानी पुऱ्याएको तथा सोही अपराधलाई लुकाउन छिपाउनको लागि कर्जा प्रवाह गरी गराई कर्जा दुरुपयोग गर्ने/ गराउने कार्यमा संलग्न प्रतिवादी प्रभु बैंक लि.का CEO अशोक शेरचन समेत उपर बैंकिङ कसूरमा अनुसन्धान भईरहेको । साथै रेमिट कारोबार गर्ने क्रममा प्रभु बैंक लि. लाई हानी र आफ्नो स्वार्थ समुह अन्तर्गतको प्रभु मनि ट्रान्सफरलाई फाईदा हुने गरी **रेमिट बापतको PREFUNDING दिन सक्ने कानूनी व्यवस्थाको दुरुपयोग गरी गराई PREFUNDING नाममा नियम विपरित अर्बौं रकम दिई सो वापत नियमानुसार ब्याज समेत नलिई प्रभु बैंक लि. लाई एक अर्ब रुपैया भन्दा बढी रकम हानी नोक्सानी पुऱ्याएको** समेत प्रारम्भिक अनुसन्धानको क्रममा देखिएकोले बैंकिङ कसूर तथा सजाय ऐन, २०६४ अन्तर्गतको **थप कसूरमा** संलग्न जिल्ला ललितपुर, ललितपुर महानगरपालिका, वडा नं.१७, कनिवहाल घर भएका वर्ष ४२ को **प्रभु बैंक लि. का रेमिटेन्स डिपार्टमेण्ट प्रमुख सुगेन भन्ने सुजिन शाक्य**लाई सम्मानित उच्च अदालत, पाटन, ललितपुरबाट पक्राउ पूर्जी जारी गर्ने अनुमति लिई आज मिति २०८२/०८/२४ गते ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं. ११ ईखांछेबाट पक्राउ गरी थप अनुसन्धान कार्य भईरहेको ।

शिव कुमार श्रेष्ठ
(प्रहरी वरिष्ठ उपरीक्षक)
सूचना अधिकारी
सम्पर्क नं.९८५१२९१३११

मिति २०८२/०८/२४ गते ।